रूपा गाउँपालिका

**Rupa Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

**रूपाकोट, कास्की Rupakot, Kaski**

गण्डकी प्रदेश, नेपाल Gandaki Province, Nepal


पत्र संख्या/Reference No.: २०८३।०८४

चलानी नं/Dispatch No: 309

श्री वडा कार्यालय सबै,

रूपा गाउँपालिका, कास्की ।

विषयः उपभोक्ता समिति दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा, सार्वजनिक खरिद नियमावली, २०६४ को सोह्रौं संशोधनले नियम ९७(१) मा प्रचलित कानून बमोजिम दर्ता भएको उपभोक्ता समितिबाट योजना गराउनुपर्ने भन्ने संशोधन अनुसार रूपा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा (४क) बमोजिम उपभोक्ता समिति दर्ता गरी वा दर्ता भएका उपभोक्ता समिति मार्फत मात्र योजना सम्झौता गर्न गराउन निर्देशन छ । साथै उपभोक्ता समिति दर्ता प्रयोजनार्थ आवश्यक नमुना विधान र प्रमाण पत्र यसै साथ संलग्न गरी पठाइएको छ ।

अनन्त राज न्यौपाने

प्रमुख प्रसाशकीय अधिकृत

**बोदार्थः**

श्रीमान अध्यक्ष ज्यूः आवश्यक जानकारीका लागि,

सूचना प्रविधि शाखाः नमुना विधान र प्रमाण पत्र सबै वडा कार्यालयहरूमा परिपत्र गर्नुहुन र पालिकाको Website मा Upload गर्नुहुन ।

श्री ........................................................ उपभोक्ता समितिको विधान, २०८३

रूपा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

रूपाकोट, कास्की ।

## ........................................... उपभोक्ता समितिको विधान, २०८३

**प्रस्तावनाः** स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत तथा साधनको अधिकतम परिचालन गरी स्थानीय जन सहभागीता मार्फत विकास निर्माणका कार्य सञ्चालन गर्ने, आयोजना प्रति स्थानीय समुदायको अपनत्व र स्वामित्व कायम गर्ने निर्माण कार्यलाई पारदर्शी गुणस्तरीय, दिगो तथा जवाफदेही बनाउने उद्देश्यले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (सोह्रौं संशोधन) सहितको अधिनमा रही ................................................ उपभोक्ता समितिको गठन तथा सञ्चालन गर्न यो विधान तर्जुमा गरिएको छ ।

### परिच्छेद—१

### प्रारम्भिक व्यवस्था

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधानको नाम "........................................ **उपभोक्ता समितिको विधान, २०८३**" हुनेछ ।

(क) **समिति रहने ठेगानाः** रूपा गाउँपालिका वडा नं. ......... मा रहनेछ ।

(ख) **संस्थाको कार्यक्षेत्रः** यस समितिको कार्यक्षेत्र रूपा गाउँपालिका वडा नं. .......... मा रहनेछ । योजनाको आवश्यकता अनुसार गाउँपालिकाको निर्देशनमा कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

(ग) **प्रारम्भः** यो विधान उपभोक्ताहरूको आमभेलाबाट अनुमोदन भई सम्बन्धित वडा कार्यालय वा रूपा गाउँपालिकाको दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः-

(क) "**समिति**" भन्नाले यस विधान बमोजिम गठन भएको ....................................... उपभोक्ता समितिलाई सम्झनुपर्छ ।

(ख) "**उपभोक्ता**" भन्नाले समितिले सञ्चालन गर्ने आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) "**आमभेला**" भन्नाले समिति गठन तथा सञ्चालनका लागि आयोजना गरिएको उपभोक्ताहरूको भेला सम्झनुपर्छ ।

(घ) "**गाउँपालिका**" भन्नाले रूपा गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) **"आयोजना"** भन्नाले उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने स्वीकृत योजना वा कार्यक्रम सम्झनुपर्छ।

(च) **"दर्ता गर्ने अधिकारी"** भन्नाले प्रमुख प्रसाशकीय अधिकृत वा निजले तोकेको अधिकारीलाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रूपा गाउँपालिकाको प्रमुख प्रसाशकीय अधिकृतलाइ सम्झनुपर्छ ।

(ज) **"प्राविधिक"** भन्नाले रूपा गाउँपालिकाका प्राविधकहरूलाइ सम्झनुपर्छ ।

३. <u>संगठित संस्था हुनेः</u> (१) यो उपभोक्ता समिति संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता समितिको आफ्नो छुट्टै छाप हुनेछ साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(३) उपभोक्ता समितिले चल अचल सम्पत्ति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ तर समितिले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न पाउने छैन ।

तर, समिति बिघटन भएमा सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

## परिच्छेद—२

## उपभोक्ता समितिको उद्देश्य, काम, कर्तव्य र अधिकार सम्बन्धी

४. **उपभोक्ता समितिका उद्देश्यः** समितिका उद्देश्य देहायबमोजिम हुनेछनः-

(क) स्थानीय जन सहभागीतामा विकास निर्माणका कार्य सञ्चालन गर्ने,
(ख) स्थानीय श्रम, सीप तथा स्रोतको परिचालन गर्ने,
(ग) आयोजनाको गुणस्तर र दिगोपन कायम गर्ने,
(घ) आयोजनामा स्थानीय समुदायको अपनत्व र स्वामित्व कायम गर्ने,
(ङ) आयोजना सम्पन्न भएपछि त्यसको संरक्षण तथा मर्मत सम्भार गर्ने,
(च) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून तथा गाउँपालिकाको कानूनको पालना गर्ने,
(छ) समितिको आर्थिक तथा प्रशासनिक कार्यमा पारदर्शिता कायम गर्ने ।

५. **उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

अनन्त राज न्यौपाने

(क) सम्झौता बमोजिमको काम तोकिएको परिणाम, गुरणस्तर, समय र लागतमा सम्पादन गर्ने,

(ख) उपभोक्ता समितिको कार्यलयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) उपभोक्ता समितिको कार्य सम्पादनलाइ प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन बाडफाँड गर्ने,

(घ) सम्झौता बमोजिमको कामको परिणाम, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा कार्यलयबाट स्वीकृति लिने,

(ङ) वातावरण सुन्तलन कायम गर्दै नियमित मर्मत आयोजनाको दिगो व्यवस्थापन गर्ने,

(च) आयोजना सम्पन्न पश्चात तोकएको ढाँचाका कागजातहरू सहित समयमै फरफारकका लागि कार्यालयमा पेश गर्ने ।

## परिच्छेद—३
## सदस्यता तथा समिति गठन सम्बन्धी

६. **सदस्यता:** (१) स्थानीय तहको आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने सम्बन्धित उपभोक्ताहरू समितिका सदस्य हुन सक्नेछन् ।

(२) उपभोक्ता समितिको सदस्य हुन रूपा गाउँपालिकाको स्थायी ठेगाना भई बसोबास गर्दै आएका नेपाली नागरिक भएको तथा सम्बन्धित आयोजना क्षेत्रको प्रत्यक्ष लाभग्राही भएको हुनुपर्नेछ ।

७. **समिति गठन:** (१) स्थानीय स्तरमा सञ्चालन गरिने योजनाहरूको सन्दर्भमा सोही स्थानमा स्थायी बसोबास गर्ने नागरिकहरू सम्मिलित आमभेलाबाट समिति गठन हुनेछ।

(२) समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा आवश्यक संख्यामा कम्तिमा ~~पाँच~~ सात देखी एघार सदस्यहरू रहनेछन् ।

(३) उपदफा (२) बमोजिमको समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना महिला सदस्य अनिवार्य हुनुपर्नेछ ।

(३) समिति गठन गर्दा प्रचलित कानून तथा गाउँपालिकाको कार्यविधिमा तोकिएको महिला सहभागिता तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रूपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

अनन्त राज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

(४) समितिका पदाधिकारी तथा सदस्यहरूको विवरण आमभेलाको निर्णयमा स्पष्ट उल्लेख गरिनेछ ।

(५) उपदफा (१) बमोजिम समिति गठन गर्दा सम्बन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको अन्य सदस्यको अनिवार्य उपस्थितमा मात्र समिति गठन गर्नुपर्नेछ ।

(६) कुनै एक उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष रहेको व्यक्ति अन्य समिति वा एक भन्दा बढी उपभोक्ता समिति पदाधिकारीमा रहन सक्ने छैन ।

८. **पदावधिः** (१) उपभोक्ता समितिको पदाधिकारी तथा सदस्यहरूको पदावधि सामान्यतय एक आर्थिक बर्षको हुनेछ वा कुनै आयोजना सम्पन्न तथा फरफारक नभएसम्म वा गाउँपालिकाको प्रचलित कार्यविधिले तोकेबमोजिम हुनेछ ।

(२) कुनै आयोजना सोही उपभोक्ता समितिबाट निर्माण गर्ने योजनाको लागी अर्को आर्थिक बर्षमा समेत सोही समितिद्वारा कार्य गर्न सक्नेछ ।

तर उक्त समितिबाट कार्य गर्ने भएमा उक्त समिति दर्ता गर्ने निकायमा प्रत्यक बर्ष नविकरण गर्नुपर्नेछ ।

## परिच्छेद—४

## समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी

९. **अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) समितिले सञ्चालन गर्ने समग्र योजना तथा कार्यक्रम जिम्मेवारी लिने, सञ्चालन गर्ने र सम्पन्न गर्ने, गराउने,

(ख) समितिको नेतृत्व गर्ने,

(ग) बैठक बोलाउने र अध्यक्षता गर्ने,

(घ) गाउँपालिका वा वडा कार्यालयसंग योजना सम्झौता गर्ने,

(ङ) आयोजनाको कार्यान्वयनमा समन्वय गर्ने,

(च) समितिको निर्णय कार्यान्वयन गर्ने,

(छ) आर्थिक पारदर्शिता तथा जवाफदेहिता कायम गर्ने,

(ज) सम्झौता बमत्तजिम समयमै यत्तजना सङ्गपद्दन गरी परफारकको लागि पेश गर्ने, गर्न लगाउने ।

रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुपाकोट, कास्की गण्डकी प्रदेश, नेपाल

अनन्त राज न्यौपाने प्रमुख प्रशासकीय अधिकृत

१०. **सचिवको काम, कर्तव्य र अधिकारः**

(क) समितिको बैठकको सूचना दिने,
(ख) बैठकको निर्णय लेखी प्रमाणित गर्ने,
(ग) पत्राचार तथा अभिलेख राख्ने,
(घ) आयोजना सम्बन्धी प्रगति विवरण तयार गर्ने,
(ङ) आवश्यक प्रतिवेदन पालिकामा पेश गर्ने ।

११. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) समितिको आर्थिक कारोबारको अभिलेख राख्ने,
(ख) बैंक खाताको सञ्चालनमा सहभागी हुने,
(ग) बिल, भरपाई तथा आर्थिक कागजात सुरक्षित राख्ने,
(घ) आय–व्यय विवरण तयार गर्ने,
(ङ) लेखापरीक्षणका लागि आवश्यक कागजात उपलब्ध गराउने ।

१२. **सदस्यहरूको काम, कर्तव्य र अधिकारः**

(क) समितिको बैठकमा सहभागी हुने,
(ख) आयोजना अनुगमन गर्ने,
(ग) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने,
(घ) पारदर्शिता तथा सार्वजनिक उत्तरदायित्व कायम गर्न सहयोग गर्ने ।

१३. **पदाधिकारी वा समिति सदस्यता समाप्तः** (१) देहायको अवस्थामा कुनै पदाधिकारी वा सदस्यको पद तथा सदस्यता स्वतः समाप्त भएको मानिनेछः

(क) लिखित राजीनामा स्वीकृत भएमा,
(ख) निजको मृत्यु भएमा,
(ग) यस विधान बमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा,
(घ) उपभोक्ता समितिको लगातार ५ वटा बैठकमा बिना मनासिब कारण अनुपस्थित भएमा,
(ङ) उपभोक्ता समितिको बहुमत सदस्यबाट कुनै उजुरी परेमा,
(च) आयोजना सम्पन्न नभइ आयोजनाको रकम हिनामिना वा आर्थिक अनियमितता गरेको प्रमाणित भएमा,
(छ) योजनाको हित विपरीत कार्य गरेको प्रमाणित भएमा,
(ज) प्रचलित कानून, यस विधान वा संस्थाको निर्णयको गम्भीर उल्लङ्घन गरेमा,
(झ) प्रचलित कानून बमोजिम पदमा रहन अयोग्य ठहरिएमा ।

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

अनन्त राज न्यौपाने

(२) उपदफा (१) को खण्ड (ङ) (च) वा (छ) बमोजिम पद वा सदस्यता समाप्त गर्नु अघि सम्बन्धित व्यक्तिलाई स्पष्टीकरणको अवसर दिनुपर्नेछ ।

(३) स्पष्टीकरण सन्तोषजनक नभएमा वा तोकिएको समयमा स्पष्टीकरण पेश नगरेमा उपभोक्ता समितिको आमभेला गरि आमभेलाको कम्तीमा दुई तिहाइ बहुमतबाट पदमुक्त वा सदस्यता रद्द गर्न सकिनेछ ।

(४) उपभोक्ता समितिका कुनैपनि पदाधिकारीले कानून विपरीत वा योजना सम्झौता बमोजिमको कार्य नगरेको भन्ने लागेमा गाउँपालिकाबाट जनसुकै अवस्थामा पदमुक्त गर्न सक्नेछ ।

(५) पदाधिकारीको पद रिक्त भएमा बाँकी कार्यकालका लागि आम मेलाको निर्णय बमोजिम पदपूर्ति गरिनेछ ।

## परिच्छेद–५
## बैठक तथा निर्णय सम्बन्धी

१४. **बैठकः** उपभोक्ता समितिले देहाय बमोजिमको बैठक बस्न सक्नेछः-

(क) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ ।
(ख) बैठकको सूचना सम्भव भएसम्म कम्तीमा २४ घण्टा अगावै दिइनेछ ।
(ग) बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिनेछ ।
(घ) मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।
(ङ) बैठकको निर्णय सचिवले प्रमाणित गरी सुरक्षित राख्नेछ ।

१५. **आमभेलाः** (१) उपभोक्ता समितिले आवश्यकता अनुसार आमभेला बोलाउन सक्नेछ ।

(२) आयोजनाको प्रगति, आय व्यय, समस्या तथा आगामी कार्य योजनाबारे आमभेलामा जानकारी गराइनेछ ।

## परिच्छेद–६
## आर्थिक व्यवस्था

१६. **उपभोक्ता समितिको कोषः** उपभोक्ता समितिको कोषमा देहायका रकम रहनेछन्–

(क) गाउँपालिकाबाट प्राप्त रकम,

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

अनन्त राज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

(ख) जन सहभागिताबाट प्राप्त रकम,

(ग) कानून बमोजिम प्राप्त अन्य रकम,

(घ) अन्य स्वीकृत स्रोतबाट प्राप्त रकम ।

१७. **बैंक खाता:** (१) उपभोक्ता समितिको आफ्नै छुट्टै नाममा बैंक खाता खोलिनेछ ।

(२) बैंक खाता गाउँपालिकाको प्रचलित कानून तथा सम्झौता बमोजिम अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये तोकिएका पदाधिकारीहरूको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(३) एक आर्थिक बर्ष मा योजना सम्पन्न भइ सकेपछि पुनः अर्को आर्थिक बर्ष सोही समितिबाट योजना सञ्चालन नहुने भएमा नयाँ गठित समितिबाट खाता सञ्चालन गर्नको लागी गाउँपालिकाबाट स्वीकृत लिई बैंङ्क खाता अद्यावधिक गर्नुपर्नेछ ।

१८. **आर्थिक पारदर्शिता:** (१) उपभोक्ता समितिले प्राप्त रकमको छुट्टै लेखा राख्नेछ।

(२) प्रत्येक खर्चको बिल तथा भरपाई सुरक्षित राखिनेछ।

(३) आयोजनासँग सम्बन्धित आय व्यय विवरण सार्वजनिक गरिनेछ।

(४) प्रचलित कानूनबमोजिम लेखापरीक्षण गराइनेछ।

## परिच्छेद—७

## आयोजना सञ्चलन/कार्यान्वयन, प्राविधिक मापदण्ड, पारदर्शिता तथा फरफारक सम्बन्धी

१९. **आयोजना कार्यान्वयन:** (१) उपभोक्ता समितिले गाउँपालिकासँग भएको सम्झौता, स्वीकृत लागत अनुमान, डिजाइन, कार्यतालिका तथा प्रचलित सार्वजनिक खरिद कानून बमोजिम आयोजना कार्यान्वयन गर्नेछ ।

(२) गठन भएको उपभोक्ता समितिबाट योजना सम्झौता गरि प्रमुख प्रसाशकीय अधिकृतबाट लागत अनुमान स्वीकृत गराइ मात्र योजना कार्यान्वयन गर्नुपर्नेछ ।

(३) योजना कार्यान्वयन पूर्व वा कार्यान्वयनको विभिन्न चरण तथा अन्तिम चरणमा गाउँपालिकाको प्राविधिक कर्मचारीको सल्लाह बमोजिम योजना कार्यान्वयन गर्नुपर्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय रुपाकोट, कास्की गण्डकी प्रदेश, नेपाल

(४) कानून बमोजिम गाउँपालिका वा वडा कार्यालयमा दर्ता भएका उपभोक्ता समितिले एक आर्थिक वर्षमा एउटा वडामा तीनवटा योजना वा दश लाख सम्मको छुट्टाछुट्टै योजना जुन कम हुन्छ त्यस्तो योजना सञ्चालन र कार्यान्वयन गर्न सक्नेछ ।

(५) योजना स्थलमा समितिले सञ्चालन गर्ने योजनाको कुल रकम, समितिको नाम, योजना सम्झौता र सम्पन्न गर्नुपर्ने अवधि लगायत योजनासंग सम्बन्धित सम्पुर्ण विवरण उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम एक वडामा दर्ता भएका उपभोक्ता अर्को वडाको योजना सञ्चालन वा कार्यान्वयन गर्न सक्नेछैन ।

२०. **प्राविधिक मापदण्डः** निर्माण कार्य प्रचलित प्राविधिक मापदण्ड, स्वीकृत डिजाइन, लागत अनुमान तथा सम्बन्धित प्राविधिकको निर्देशन बमोजिम सञ्चालन गरिनेछ ।

२१. **पारदर्शिताः** आयोजनाको लागत, प्राप्त रकम, जनसहभागिता, खर्च तथा प्रगतिको विवरण प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ ।

२२. **फरफारकः** (१) योजना सम्पन्न भए पश्चात प्राविधिक प्रतिवेदन, स्थलगत अनुगमन, वडा कार्यालयको सिफारिस लगायत अन्य आवश्यक कागजात सहित कार्य सम्पन्न भएको मितिले बढीमा एक महिना भित्र वा आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा एक महिना अगाडी सम्पन्न योजनाहरू फरफारक गरी भुक्तानिको लागी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्धारित समय भन्दा पछि पेश भएका भुक्तानीका फाइल कुनै कारण भुक्तानी हुन नसकेमा उपभोक्ता समिति स्वयम जिम्मेवारी हुनेछ ।

## परिच्छेद–८
## खर्च सार्वजनिकरण, लेखापरीक्षण तथा अभिलेख सम्बन्धी

२३. **खर्च सार्वजनिकरणः** (१) उपभोक्ता समितिले योजना सम्मन्न गरिसके पछि खर्च सार्वजनिकरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च सार्वजनिकरण गर्दा योजनाको शीर्षक, वास्तविक खर्च, खर्चको प्रकृति लगायत योजना संग सम्बन्धित सम्पुर्ण विवरण खुलाउनु पर्नेछ । खर्च सार्वजनिकरण गर्दा आमभेलाबाट अनुमोदन गराउनु पर्नेछ ।

रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुपाकोट, कास्की गण्डकी प्रदेश नेपाल

अनन्त राज न्यौपाने प्रमुख प्रशासकीय अधिकृत

(३) उपदफा (२) बमोजिम खर्च सार्वजनिकरण गरे पश्चात मात्र खर्च सार्वजनिकरणको विवरण सहित गाउँपालिकामा भुक्तानीका लागी पेश गर्नुपर्नेछ ।

२४. **लेखापरीक्षणः** (१) उपभोक्ता समितिले प्रचलित कानून बमोजिम आफ्नो आय व्ययको लेखापरीक्षण गराउनेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरिक्षण गराउँदा आमभेला गरी वास्तविक खर्च भएको प्रमाण, गाउँपालिकाबाट प्राप्त रकम, उपभोक्ताको योगदानको आधारमा लेखा परिक्षण गरिनेछ ।

२५. **अभिलेखः** समितिले देहायका अभिलेख सुरक्षित राख्नेछः-

(क) आमभेलाको माइन्युट,
(ख) समिति गठनको निर्णय,
(ग) दर्ता प्रमाणपत्र,
(घ) विधान,
(ङ) बैठक पुस्तिका,
(च) बैंक खाता तथा बैंक विवरण,
(छ) आय व्यय विवरण,
(ज) बिल तथा भरपाई,
(झ) आयोजना सम्बन्धी सम्झौता,
(ञ) प्राविधिक मूल्याङ्कन,
(ट) सार्वजनिक परीक्षण सम्बन्धी कागजात,
(ठ) अन्य आवश्यक कागजात ।

## परिच्छेद—९
## विधान संशोधन तथा समिति विघटन सम्बन्धी

२६. **विधान संशोधनः** (१) यस विधानमा संशोधन गर्नु परेमा आमभेलाबाट प्रस्ताव पारित गरी विधान संशोधनको लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधान संशोधन गर्न आमभेलामा उपस्थित सदस्यहरूको कम्तिमा दुइ तिहाइ बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ ।

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

अनन्त राज ...
प्रमुख प्रशासकीय अधिकृत

(३) उपदफा (२) बमोजिमको बहुमत प्राप्त भए पश्चात गाउँपालिकाको स्वीकृति लिएर मात्र संशोधन गरिनेछ ।

२७. **समिति विघटनः** (१) आयोजना सम्पन्न भई आवश्यक प्रक्रिया पूरा भएपछि वा पालिकाको प्रचलित कानून बमोजिम समिति विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा समितिको बाँकी रहेको रकम, सामग्री वा सम्पत्ति प्रचलित कानून तथा गाउँपालिकाको निर्णय बमोजिम आयोजना वा समुदायको हितमा प्रयोग गरिनेछ ।

## परिच्छेद–१०
## विविध

२८. **प्रचलित कानून लागू हुनेः** यस विधानमा उल्लेख नभएका विषयमा नेपालको संविधान, सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, सम्बन्धित प्रदेश तथा स्थानीय तहका कानून र प्रचलित कानून बमोजिम हुनेछ ।

२९. **बाधा अड्काउ फुकाउनेः** यस विधानको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही सम्बन्धित गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

३०. **विधानको व्याख्याः** यस विधानको व्याख्या सम्बन्धी कुनै प्रश्न उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

अनन्त राज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

"रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान"

# रूपा गाउँपालिका

## गाउँ कार्यपालिका, रूपाकोट, कास्की ।

### उपभोक्ता समिति दर्ता पमाण-पत्र

दर्ता नं.:

रूपा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ को दफा ४(क) बमोजिम श्री .................................................. उपभोक्ता समिति दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

दर्ता गरेको मितिः ..................................

दस्तखतः ..................................

दर्ता गर्ने अधिकारीको नामः ..................................

कार्यालयको छापः

| मिति | आर्थिक वर्ष | रजिष्ट्रेसन नं. | नविकरण दस्तुर | नविकरण गर्नेको सही र छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

अनन्त राज न्यौपाने